Australian Government

COVID-19 VACCINATION

# परिमार्जित गरिएको COVID-19 खोप प्रसारणको सुझाव

### १७ जुन २०२१

अष्ट्रेलियाका मेडिकल विज्ञहरूले ६० बर्ष भन्दा कम उमेरका व्यक्तीहरूको लागि फाइजर(Pfizer) COVID-19 खोपको सिफारिस गर्छन्। अघिल्लो चिकित्सा सल्लाह अनुसार ५० बर्ष भन्दा कम उमेरका व्यक्तीहरूको लागि फाइजर खोपलाई प्राथमिकता दिइएको थियो।

यो अद्यावधिक सल्लाह नयाँ प्रमाणमा आधारित छ जुन ५०-५९ वर्ष उमेर समूहहरुमा पहिलो सोचेको भन्दा बिरलै(कम) रगत जमाउने अवस्थाको बढी जोखिम देखाउँदछ। यस अवस्थालाई थ्रोम्बोसिसको साथ थ्रोम्बोसाइटोपेनिया सिंड्रोम(thrombosis with thrombocytopenia syndrome), वा TTS भनिन्छ।

AstraZeneca खोप ६० बर्ष वा माथिका लाई दिइनेछ। ६० बर्ष वा माथिका व्यक्तिहरूका लागि, खोपका फाइदाहरू TTS को जोखिमभन्दा बढी छ।

खोप लगाउनु COVID-19 बाट गम्भीर बिरामी वा मृत्यु रोक्नको लागि सबैभन्दा महत्त्वपूर्ण तरिका हो। संसारभरिका लाखौं मानिसहरुलाई खोपहरु सुरक्षित रूपमा लागाई सकेकोछ।

कुनै पनि गम्भीर प्रतिकूल असर बिना AstraZeneca COVID-19 खोप को पहिलो मात्रा लगाएका व्यक्तीहरुले अझै पनी आफ्नो दोस्रो मात्रा लगाउनु पर्छ। यसमा ६० बर्ष भन्दा मुनिका वयस्कहरू संलग्न छन्।

तपाईंको दोस्रो मत्रा लगाऊँदा COVID-19 बाट हुने गम्भीर बिरामी हुनबाट उत्तम सुरक्षा प्रदान गर्दछ। यदि तपाईं सँग आफ्नो पहिलो मात्रा लगाउनु भएको छ भने तपाईंले आफ्नो दोस्रो मात्राको लागि बुक(समय लिनु) गर्नु पर्छ।

पहिले नै फाइजर खोप दिने सरकारी खोप क्लिनिकहरूले ५०-५९ उमेरका व्यक्तिहरूलाई तुरून्त फाइजरका लागि स्वीकार गर्न थाल्छ।

अष्ट्रेलियाका मानिसहरु विश्वस्त हुन सक्छन् कि हाम्रो चिकित्सा विशेषज्ञहरु यहाँ र विदेशबाट प्रमाणहरु र आंकडा समीक्षा गर्न जारीनै छन्। सबैजनालाई COVID-19 खोप लिने सिफारिस गरिन्छ।

तपाईको खोपलागि समय लिनकोलागि **health.gov.au** मा हेर्नुहोला।

### थप जानकारीकोलागि

यदि तपाई संग COVID-19 खोपको बारेमा प्रश्नहरु छन्, तपाईको डाक्टर संग कुरा गर्न चाहानु हुन्छ भने, **www.health.gov.au/covid19-vaccines-languages** मा जानुहोला, अथवा राष्ट्रिय कोरोना भाईरस मद्दत लाईन(National Coronavirus Helpline)को **१८०० ०२० ०८०** मा फोन गर्नुहोला। दोभाषे र उल्थाउने सेवा(Translating and interpreting services)को लागि **१३१ ४५०** मा फोन गर्नुहोला।